बैठक संख्या : १८६
मिति : २०८३।०१।२६, शनिवार
समय : बिहानको ८:०० बजे

कमलामाई नगरपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेलको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईबा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायू | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री सागर कुमार ढकाल | सचिव (नि.प्र.प्र.अ.) |

CamScanner

कमलामाई नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

सिन्धुली, बागमती प्रदेश

मिति २०८३ वैशाख २६ गते बसेको १८६ औं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्ताव नं. १: विद्यालय संचालन सम्बन्धमा।**

**निर्णयः** नेपालको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले विद्यालय सञ्चालन र शिक्षण समयका सम्बन्धमा स्पष्ट मापदण्ड तोकेको छ । सामान्यतया एक शैक्षिक सत्रमा २२० दिन विद्यालय खुल्नु पर्ने व्यवस्था छ र न्यूनतम् शिक्षण दिन सार्वजनिक विदा र अन्य अवरोधहरु कटाएर कम्तिमा १९२ दिन प्रत्यक्ष पठनपाठन हुनु पर्ने प्रावधान छ । नेपालको संविधान अनुसार आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहमा निहित रहेकाले विशेष परिस्थिती (जस्तै अध्याधिक गर्मी वा चिसो र स्थानीय चाडपर्व) मा विद्यालय सञ्चालनको दैनिक समय तालिका परिवर्तन गर्ने अधिकार सम्बन्धित स्थानीय तहसँग हुने भएकोले पाठ्यक्रमले निर्धारण गरे बमोजिम पाठ्यवस्तु पठनपाठनको कार्य घण्टा नपुग देखिएको अवस्थामा पाठ्यक्रम विकास केन्द्रबाट पाठ्यक्रम संकुचन गरी कार्य घण्टा मिलान नगरेसम्मका लागि संघिय सरकारबाट आइतबारका दिन दिंदै आएको विदा कटौती गरी कमलामाई नगरपालिका भित्र संचालमा रहेका सबै शैक्षिक संस्थाहरु आइतबारका दिन पुरै समय र शुक्रबारका दिन आधा दिन विद्यालय खुल्ने गरी शैक्षिक संस्था सञ्चालन गर्ने गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. २: कामका लागि पारिश्रमिक योजना सम्बन्धमा।**

**निर्णयः** राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम अन्तर्गत चालु आ.व. २०८२/८३ मा आन्तरिक रोजगारी सिर्जना / प्रवर्धन क्रियाकलाप सञ्चालन गर्न संघिय सशर्त रु. ४,७२,०००।– (अक्षरुपी चार लाख बहत्तर हजार मात्र) प्राप्त भएको रकमबाट अधिकतम् बेरोजगार व्यक्तिहरु सूचिकृत भएका तपशिलका वडाहरुमा देहाय बमोजिम कामका लागि पारिश्रमिक योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाडी, सिन्धुली
बागमती प्रदेश, नेपाल

| क्र.सं. | योजनाहरु | वडा | विनियोजित रकम |
|---|---|---|---|
| १. | कोलबोट खोल्सीदेखि मा.वि. टंसारसम्म सडक स्तरोन्नती | कमलामाई न.पा. १२ | रु. १,३२,७००। |
| २. | केवरे लामिडाँडा पदमार्ग निर्माण | कमलामाई न.पा. ४ | रु. १,३१,१००। |
| ३. | सातधारा गुराँसे सडक नाला निर्माण | कमलामाई न.पा. १ | रु. २,२६,२००। |

**प्रस्ताव नं. ३: दररेट समायोजन सम्बन्धमा।**

**निर्णयः** हाल विविध कारणबाट निर्माण सामग्रीहरुको अस्वभाविक रुपमा मूल्य वृद्धि भएको कारणबाट निर्माण कार्यहरु सञ्चालनमा असहज परिस्थिती उत्पन्न भएको हुँदा हालको बजार मूल्यको आधारमा निर्माण सामग्री दर समायोजनको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो।

नि. प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख